"सदस्यहरूको आर्थिक सामाजिक रूपान्तण सहित सुविधा सम्पन्न वितीय संस्था बनाउने ।"



२७औं

वार्षिक साधारण सभामा प्रस्तुत

प्रतिवेदन

२०८३ असोज २४ गते

दर्ता नं. २/१४५(१३१)०५६/०५७ "बचत गरौं, दुक्कले बाचौं" पान नं. ३०१४५८०२१

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.

Hetauda Saving & Credit Co-operative Ltd.

मुख्य कार्यालय, हेटौंडा-०७, नागस्वती

स्थापित : २०५६

नेफ्स्कून

मूख्य कार्यालय:
☎ ०५७-५३०४३६/५३०५३६
Website: hetaudasaving.coop.np
Email: info@hetaudasaving.com.np

सदस्य सेवा केन्द्रहरू:
१. कमाने, हेटौंडा-८ ☎ ०५७-४१३४३५
२. चिसापानी, हेटौंडा-१६ ☎ ०५७-५३०५३८
३. हेटौंडा बजार, हेटौंडा-२ ☎ ०५७-५३०५३८

संचालक समिति



राजु वाईवा
अध्यक्ष
९८४५०२८९१९



खडानन्द चौलागाई
उपाध्यक्ष
९८५५०१८७६५



युवराज गौतम
सचिव
९८५५०६७१६३



मोनिका पौडेल
कोषाध्यक्ष
९८४५८२९२१८



ध्रुव कृष्ण कुवर
स.स.सदस्य
९८६०३५७०००



उर्मिला चौलागाई
स.स.सदस्य
९८४५३०३४४०



बिजयता सापकोटा
स.स.सदस्य
९८६१३०३३८५



आम्बिका कार्की
स.स.सदस्य
९८४५२८८३०२

लेखा सुपरीवेक्षण समिति



विष्णु प्रसाद अजेल
लेखा संयोजक
९८५५०६८६९९



कुसुम रिजाल
लेखा स.सदस्य
९८६१७९७९०२



सौरभ अधिकारी
लेखा स.सदस्य
९८५५०७०३१६

ऋण उपसमिति



ध्रुव कृष्ण कुवर
ऋण उप.स.संयोजक
९८६०३५७०००



कृष्ण प्रसाद दाहाल
उप.स.सदस्य
९८४५१०२६६९



भक्त बहादुर केशी
उप.स.सदस्य
९८४५०२८६९३

शिक्षा उपसमिति



बिजयता सापकोटा
संयोजक
९८६१३०३३८५



राजकुमार बास्तोला
सदस्य
९८४५१०५३४०



ओमकुमारी बोहरा
सदस्य
९८४५१६४६८२

महिला उपसमिति



उर्मिला चौलागाई
संयोजक
९८४५३०३४४०



अन्जनी कुमारी खतिवडा
सदस्य
९८४५५७३४९०



राम माया देउजा
सदस्य
९८४५१४८८२२

विषय सूची

क्र.सं.	शीर्षक	पेज नं.
१.	वार्षिक साधारणसभा सम्बन्धी सूचना	१
२.	अध्यक्ष श्री राजु वाईवा द्वारा प्रस्तुत मन्तव्य	२-१३
३.	सचिव श्री युबराज गौतम द्वारा प्रस्तुत संस्था गत प्रतिवेदन तथा निति कार्यक्रम	१४-३२
४.	कोषाध्यक्ष श्री मोनिका पौडेल द्वारा प्रस्तुत वार्षिक बजेट तथा योजना	३३-४०
५.	आर्थिक वर्ष २०८२-०८३ को लेखापरिक्षण प्रतिवेदन	४१-७४
६.	लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन	७५-७८
७.	कार्यालय कार्य तालिका	७९
८.	गठित बिभिन्न उप समितिको नामावली	८०
८.	२७ औं वार्षिक साधारणसभाको टिपोट	८१

२७ औं वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. सम्पूर्ण शेयर सदस्यहरुलाई साधारणसभामा उपस्थित हुन पत्राचार तथा SMS गरिनेछ । कुनै कारणवस पत्र तथा SMS प्राप्त नभएमा एफ एम रेडियो, पत्रपत्रिका, माईकिङ तथा सामाजिक संजालबाट समेत जानकारी गराई उपस्थितिको लागि अनुरोध गरिनेछ ।

२. वार्षिक साधारणसभामा उपस्थित हुने शेयर सदस्यहरुको कार्यक्रम स्थलमा भएको हाजिरी रजिष्टरमा उपस्थिति जनाउनु हुन अनुरोध गरिन्छ ।

३. संस्थागत सदस्यहरुले साधारणसभामा उपस्थित हुन आधिकारीक पत्र सहित प्रतिनिधि पठाउन पर्नेछ ।

४. संस्थाबाट पत्राचार भईसकेपछि केही जानकारी आवश्यक परेमा संस्थाको टेलिफोन नम्बर ०५७-५३०४३६ मा कार्यालय समयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

५. साधारणसभामा उपस्थित हुँदा संस्थाबाट जारि गरिएको परिचय-पत्र अनिवार्य साथमा लिएर स्वयम आउनुपर्नेछ ।



राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेचीमहाकाली

प्रकृतिका कोटी कोटी सम्पदाको आंचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल



सहकारी गान

सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ॥

थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ॥

अमूल्य मूल्य देशको सगर्व सँधै रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ॥

हजार गौँथली र यँहा करोडौँ मौरी बन्नु छ
सँगाली बुद बुँदले जिन्दगी यो बदल्नु छ ॥

साकोस कान्ति अघि बढोस अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फेलिरहोस ॥

सिद्दानत हाम्रा अमर रहुन्,स्वप्नद्रष्टा अमर रहुन्
वसुदैधैव कुटुम्बकम्, आदर्श अमर रहुन ॥

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)

नेपाल सरकार

अनुसूची-३
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
सहकारी संस्थाको सञ्चालन इजाजतपत्र

राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)
पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)

इजाजतपत्र नं.: २०५६-०११८७

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड, २०८२ को दफा ४ बमोजिम देहायको सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी यो सञ्चालन इजाजतपत्र जारी गरिएको छ ।

सहकारी संस्थाको नाम: श्री हेटौडा बचत तथा ऋण सहकारी संस्था लि.
दर्ता नं र दर्ता गर्ने निकाय: 2/145(131), नगर कार्यपालिकाको कार्यालय, हेटौडा
कार्यक्षेत्र: हेटौँडा उपमहानगरपालिका (वडा नं. ३,१२,१३ र १९ बाहेक सबै वडाहरु)
कार्य: बचत तथा ऋणको मुख्य कारोबार

जारी गर्ने अधिकारी
नाम: मुकेश कर्ण
पद: उप-निर्देशक
जारी मिति: २०८३-०२-२७

पुनश्च: यो इजाजत पत्रका लागि पेश भएका विवरण फरक परेमा संस्था नै जिम्मेवार हुने र संस्था दर्ता गर्ने निकायबाट जारी भएको प्रमाणित कागजात बमोजिम हुने गरी सुधार गरिनेछ ।

हेटौडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा उपमहानगरपालिका-७, मकवानपुर

संक्षिप्त परिचय

१. दर्ता नं.	: २/१४५/(१३१)/२०५६/०५७
२. दर्ता मिति	: २०५६/९/७
३. सहकारी प्राधिकरण ईजाजत नं	: २०५६-०११८७
४. प्यान नं.	: ३०१४९८०२१
५. कर्जा सुचना केन्द्र दर्ता नं.	: COP-१११७-०८२/०८३
६. शेयर सदस्य	: ६९२२
पुरुष	: २७४४
महिला	: ४११८
संस्थागत	: ६०
७. सञ्चालक समितिको निर्वाचन मिति	: २०८२/ १२/१३
८. कार्यक्षेत्र	: हेटौडा उपमहानगरपालिका वडा नं. ३,१२, १३ र १९ वाहेक सबै वडाहरु

आ.व. २०८२।०८३ को संक्षिप्त विवरण

९. शेयर पुँजी	: ५,२४,५८,३००
१०. ऋण लगानी	: ३६,९८,८१,०००
११. ऋण असुली	: ३९,४७,५२,३५३
१२. लगानी रहि रहेको ऋण	: ५३,१५,५५,२२७.४०
१३. बचत प्राप्त	: १,०८,५८,०२,१७४.७२
१४. बचत फिर्ता	: १,११,४७,१७,६३९.०७
१५. कुल बचत रकम	: ५६,२७,४१,१५३.७६
१६. कुल पुँजी	: ६४,४६,७०,९६७.४७
अध्यक्ष	: राजु वाईवा (९८४५०२८९१९)
का.मु. ब्यबस्थापक	: सुशिल सुवेदी (९८५५०३०४३६)
मुख्य कार्यालय फोन नं.	: ०५७–५३०४३६, ०५७–५३०५३६, ९८५५०२७५३६
सदस्य सेवा केन्द्र फोन नं.	: कमाने, हेटौडा–८, ०५७–४१३४३५ चिसापानी, हेटौडा –१६, ०५७–५३०५३८ हेटौडा बजार हेटौडा–२, ०५७-५९१४३६

Website: hetaudasaving.coop.np Email: info@hetaudasaving.com.np

दर्ता नं. २/१४५(१३१)०५६/०५७ पान नं. ३०१४९८२१ बचत गरौं ,ढूक्कले बाचौं

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि
Hetauda Saving & Credit Co-Operative Ltd.
केन्द्रिय कार्यालय : हेटौंडा ,७ नागस्वती
स्थापित २०५६
NEFSCUN

पत्र सं.
चलानी नं. १९२/०८३/८४

मिति : २०८३/०६/०८

श्री सम्पुर्ण शेयर सदस्यज्युहरु
हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा ०७,मकवानपुर

बिषय : बार्षिक साधारण सभा सम्बन्धमा ।

प्रस्तुत बिषयमा मिति २०८३ भाद्र ०८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको **२७ औं बार्षिक साधारणसभा** देहायमा उल्लेखित प्रस्तावहरुमा छलफल गरि निर्णय गर्नको लागी निम्न ,मिति, समय र स्थानमा तय गरिएको हुदाँ यहाँहरुको अनिवार्य उपस्थितीको लागी हार्दिक आमन्त्रण गरिन्छ ।

प्रस्तावहरु :

१) साधारणसभाको बैधानिकता सम्बन्धमा ।
२) निर्णय पुस्तिका प्रमाणितको लागी प्रतिनिधी चयन सम्बन्धमा ।
३) अध्यक्षज्युको मन्तव्य सम्बन्धमा ।
४) सचिवज्युको बार्षिक निति,कार्यक्र,तथा संस्थागत प्रगति प्रतिवेदन सम्बन्धमा ।
५) कोषाध्यक्षज्युको आर्थिक वर्ष २०८३।८४ को बार्षिक योजना तथा प्रस्तावित बजेट सम्बन्धमा ।
६) आर्थिक बर्ष २०८२।८३ को लेखा परिक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
७) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
८) विनियममा थप व्यबस्था तथा शंसोधन सम्बन्धमा ।
०९) आर्थिक बर्ष २०८३।२०८४ को लागी लेखा परिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
१०) आर्थिक वर्ष २०८२।२०८३ मा बजेट पारित पुर्व भएको खर्च अनुमोदन सम्बन्धमा ।
११) रिक्त संञ्चालक समिति सदस्य चयन सम्बन्धमा ।
१२) कार्यबिधि तयार तथा संशोधन सम्बनधमा ।
१३) संस्था एकिकरण सम्बन्धमा ।
१४) संञ्चालक समिति लेखा समिति ,बिभिनन उप समिति तथा व्यबस्थापकको सेवा सुबिधा सम्बन्धमा ।
१५) निस्कृय सदस्य सम्बन्धमा ।

युवराज गौतम
सचिव

तपशिल :
मिति : २०८३ साल आश्विन २४ गते शनिवार
समय : बिहान १०:०० बजेदेखी
स्थान : तासिर ईङलिस सेकेण्डरी स्कुल .को प्राङगण हेटौंडा ०७ नागस्वती (संस्थाको मुख्य कार्यालय नजिकै)

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा ७ मकवानपुरको

२७ औं वार्षिक साधारणसभामा अध्यक्ष श्री राजु वाईवाद्वारा प्रस्तुत मन्तब्य



राजु वाईवा
अध्यक्ष

आदरणीय शेयरधनी महानुभावहरु, संस्थका संस्थापक सदस्यज्युहरु तथा अतिथी गणहरु, सञ्चलक समितिका सहकर्मि साथीहरु लेखा समिति संयोजक तथा सदस्य ज्युहरु विभिन्न उपसमितिका संयोजक तथा सदस्य ज्युहरु सेवा केन्द्र व्यवस्थापन सहयोग समिति संस्थाका कर्मचारी साथीहरुमा जय सहकारीको न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु ।

"बचत गरौं ढुक्कले बाँचौं" भन्ने मुल सन्देश लिएर २६ जना संस्थापक सेयर सदस्य ज्युहरुको अथक प्रयत्न बाट २०५६साल पौष १३ गते विधिवत दर्ता भएको यस संस्था स्थापनाकाल देखि आज सम्म सम्म विभिन्न आरोह अवरोह हरु पार गर्दै युवा अवस्थामा आज तपाई हाम्रो सामु आफ्नो गौरवको २७औं वार्षिक साधारणसभा भईरहेको छ र यस गौरवशाली २७ औं वार्षिक साधारणसभामा उत्साहित ढंगले हामी उपस्थित भईरहेका छौं ।

आजको प्रविधिको युगमा संस्थालाई समयअनुकुल प्रविधी मैत्रि बनाउँदै नीति विधि र प्रविधीको माध्यमबाट उत्कृष्ट सहकारी संस्था निर्माणमा लागि पर्नु पर्ने आवश्यक्ता छ । सेयर सदस्य ज्युहरुको विश्वासलाई कायम राख्दै सदस्यज्युहरुको आर्थिक सामाजिक विकास तथा सर्वाङ्गिण विकासमा सदैव लागिपर्ने प्रण गर्दछौं ।

मिति २०८२ साल चैत्र १३ गतेको निर्वाचनमा मलाई यस संस्थाको गरिमामय अध्यक्ष पदमा निर्वाचित गराईदिनु भएकोमा सम्पुर्ण सेयर सदस्यज्यु हरुमा हार्दिक आभार व्यक्त गर्दछु । साथै तपाई हरुले सुम्पीनु भएको युगिन जिम्मेवारीलाई मेरो बर्कत ले भ्याए सम्म ईमान्दारीताका साथ सम्पन्न गर्ने बाचा गर्दछु ।

संस्थाको सञ्चालन बैधानिकता

१) बि.स. २०५६ साल पौष ०७ गते तत्कालिन डिभिजन सहकारी कार्यालयमा दर्ता
२) वि.स. २०६५ पौष २९ गते स्थायी लेखा नम्बर प्राप्त
३) वि.स. २०८३ जेष्ठ २७ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता
४) वि.स. २०८३ आषाढ १८ गते कर्जा सुचना केन्द्र लिमिटेडमा दर्ता ।

संस्थाको कार्यालय र अवस्था

१) हेटौंडा ०७ नागस्वतीमा १ कठ्ठा क्षेत्रफलमा निर्मित आफ्नै भवनमा मुख्य कार्यालय सञ्चालन
२) हेटौंडा ०८ कमानेमा सदस्य सेवा केन्द्र सञ्चालनमा
३) हेटौंडा १६ चिसापानी बजार क्षेत्रमा सेवाकेन्द्र सञ्चालनमा ।
४) हेटौंडा ०२ हरिकुञ्जरोडमा सेवाकेन्द्र सञ्चालनमा ।

संस्थाको नारा : बचत गरौं,ढुक्कले बाचौ ।

परिकल्पना : सदस्यहरुको आर्थिक सामाजिक रुपान्तरण सहित सुबिधा सम्पन्न वित्तिय संस्था बनाउने ।

संस्थाको उद्येश्य :

१) सदस्यहरुमा मितव्ययिताको बिकास गर्ने ।
२) नियमित बचत गर्ने बानिको प्रवर्धन गर्ने ।
३) निक्षेपमा निश्चित ब्याज दिने ।
४) उत्पादनशिल, आयमुलक, शिपमुलक उदेश्यका लागि सदस्यहरुलाई उचित ब्याज दरमा कर्जा प्रवाह गर्ने ।
५) आत्म निर्भर र आत्म बिश्वासी बनाउने ।
६) सदस्यहरुको आय आर्जन गर्ने क्षमता बिकास कार्यक्रम ल्याउने ।
७) सहस्यहरुको आर्थिक अवस्था सुधार गर्न सक्ने क्रृयाकलाप संचालन गर्ने ।
८) छाता संगठनहरुको सदस्यता लिने ।
९) चन्दा अनुदान स्विकार गर्ने ।
१०) समान उदेश्य भएका संस्थाहरु संग सहयोगात्मक भावाना राख्ने ।
११) सहकारी ऐन नियम र विनियम अनुसार दैनिक कार्य संचालन गर्ने ।
१२) चल अचल सम्पति आर्जन क्रय बिक्रय हस्तान्तरण गर्ने चन्दा अनुदान लिने धरौटी बन्धक राख्ने आदि ।
१३) सदस्यहरुको लागि आय आर्जन परियोजना संचालन गर्ने ।
१४ कमजोर वर्गलाई सहयोग गर्ने ।
१५) अन्य समान उदेश्य भएका संघ संस्थाबाट कर्जा लिने र दिने ।
१६) शेयर सदस्य वृद्वि गर्ने ।
१७) संस्था र सदस्यको बिकासमा ध्यान पुऱ्याउनु ।

अब म संस्थाको स्थापना काल देखि विद्यमान कार्यसमितिहरुको नामवली प्रस्तुत गर्न चाहान्छु ।

संस्थापकहरुको नामावली

सि.न.	नामथर	पद	ठेगाना
१	श्री रामशरण गौतम	अध्यक्ष	हेटौंडा–०७
२	श्री ईन्द्र बहादुर बस्नेत	उपाध्यक्ष	हेटौंडा–०७
३	श्री केदार दाहाल	सचिव	हेटौंडा–०७
४	श्री बिष्णु प्रसाद कोईराला	कोषाध्यक्ष	हेटौंडा–०७
५	श्री कुल प्रसाद त्रिपाठी	सदस्य	हेटौंडा–०७
६	श्री नवराज न्यौपाने	सदस्य	हेटौंडा–०७
७	श्री धुर्बकृष्ण कुवर	सदस्य	हेटौंडा–०७
८	श्री शिव प्रसाद दाहाल	सदस्य	हेटौंडा–०७
९	श्री हरिहर ढकाल	सदस्य	हेटौंडा–०७
१०	श्री हरि प्रसाद गौतम	सदस्य	हेटौंडा–०७
११	श्री राम बहादुर गौतम	सदस्य	हेटौंडा–०७

१२	श्री राजन थापा क्षेत्री	सदस्य	हेटौंडा–०७
१३	श्री कृष्ण बहादुर महत	सदस्य	हेटौंडा–०७
१४	श्री राम प्रसाद दाहाल	सदस्य	हेटौंडा–०७
१५	श्री कृष्ण प्रसाद दाहाल	सदस्य	हेटौंडा–०७
१६	श्री नारायण प्रसाद दाहाल	सदस्य	हेटौंडा–०७
१७	श्री भगवती दाहाल	सदस्य	हेटौंडा–०७
१८	श्री नोख बहादुर लामिछाने	सदस्य	हेटौंडा–०७
१९	श्री कृष्णहरी गौतम	सदस्य	हेटौंडा–०७
२०	श्री गोपाल प्रसाद ढकाल	सदस्य	हेटौंडा–०७
२१	श्री रामगोपाल गौतम	सदस्य	हेटौंडा–०७
२२	श्री मिन प्रसाद गौतम	सदस्य	हेटौंडा–०७
२३	श्री बासुदेब मैनाली	सदस्य	हेटौंडा–०७
२४	श्री राजिप्रसाद ढकाल	सदस्य	हेटौंडा–०७
२५	श्री बद्रि प्रसाद चौलागाई	सदस्य	हेटौंडा–०७
२६	श्री गंगा प्रसाद चौलागाई	सदस्य	हेटौंडा–०७

प्रथम संचालक समिति २०५६।११।१४–२०५८।१२।३१ सम्म

सि.न.	नाम, थर	पद	ठेगाना
१	श्री रामशरण गौतम	अध्यक्ष	हेटौंडा–०७
२	श्री ईन्द्र बहादुर बस्नेत	उपाध्यक्ष	हेटौंडा–०७
३	श्री केदार दाहाल	सचिव	हेटौंडा–०७
४	श्री बिष्णु प्रसाद कोईराला	कोषाध्यक्ष	हेटौंडा–०७
५	श्री कुल प्रसाद त्रिपाठी	सदस्य	हेटौंडा–०७
६	श्री नवराज न्यौपाने	सदस्य	हेटौंडा–०७
७	श्री धुर्बकृष्ण कुवर	सदस्य	हेटौंडा–०७
८	श्री शिव प्रसाद दाहाल	सदस्य	हेटौंडा–०७
९	श्री हरिहर ढकाल	सदस्य	हेटौंडा–०७

दोस्रो कार्यकाल २०५९।०७।०१ देखी २०६१।०३।०५

सि.न.	नाम, थर	पद	ठेगाना
१	श्री ईन्द्र बहादुर बस्नेत	अध्यक्ष	हेटौंडा–०७
२	श्री हरिहर ढकाल	उपाध्यक्ष	हेटौंडा–०७
३	श्री केदार दाहाल	सचिव	हेटौंडा–०७
४	श्री राजन थापा क्षेत्री	कोषाध्यक्ष	हेटौंडा–०७
५	श्री लक्ष्मी देबी पौडेल	सदस्य	हेटौंडा–०७
६	श्री कृष्ण कुमार सिलवाल	सदस्य	हेटौंडा–०७
७	श्री बिष्णु कुमार श्रेष्ठ	सदस्य	हेटौंडा–०७
८	श्री हरि प्रसाद गौतम	सदस्य	हेटौंडा–०७
९	श्री बेद बहादुर कार्की	सदस्य	हेटौंडा–०७

तेस्रो कार्यकाल २०६१।०३।०५ देखी २०६२।११।०१ सम्म

सि.न.	नाम, थर	पद	ठेगाना
१	श्री ईन्द्र बहादुर बस्नेत	अध्यक्ष	हेटौंडा–०७
२	श्री राजन थापा क्षेत्री	सचिव	हेटौंडा–०७
३	श्री रामशरण गौतम	कोषाध्यक्ष	हेटौंडा–०७
४	श्री शिब कुमार के.शी.	सदस्य	हेटौंडा–०७
५	श्री कृष्ण प्रसाद दाहाल	सदस्य	हेटौंडा–०७
६	श्री लक्ष्मीदेबी पौडेल	सदस्य	हेटौंडा–०७
७	श्री दल बहादुर खडका	सदस्य	हेटौंडा–०७

चौथो कार्यकाल २०६२।११।०२ देखी २०६५।०९।१९ सम्म

सि.न.	नाम, थर	पद	ठेगाना
१	श्री ईन्द्र बहादुर बस्नेत	अध्यक्ष	हेटौंडा–०७
२	श्री हरिहर ढकाल	उपाध्यक्ष	हेटौंडा–०७
३	श्री केदार दाहाल	सचिव	हेटौंडा–०७
४	श्री राजन थापा क्षेत्री	कोषाध्यक्ष	हेटौंडा–०७
५	श्री लक्ष्मी देबी पौडेल	सदस्य	हेटौंडा–०७
६	श्री कृष्ण कुमार सिलवाल	सदस्य	हेटौंडा–०७

७	श्री बिष्णु कुमार श्रेष्ठ	सदस्य	हेटौंडा–०७
८	श्री हरि प्रसाद गौतम	सदस्य	हेटौंडा–०७
९	श्री बेद बहादुर कार्की	सदस्य	हेटौंडा–०७

पाचौं कार्यकाल २०६५।०९।१९ देखी २०६८।०६।२८ सम्म

सि.न.	नाम, थर	पद	ठेगाना
१	श्री ईन्द्र बहादुर बस्नेत	अध्यक्ष	हेटौंडा–०७
२	श्री बाल कुमारी ढकाल	उपाध्यक्ष	हेटौंडा–०८
३	श्री राजन थापा क्षेत्री	कोषाध्यक्ष	हेटौंडा–०७
४	श्री गोपी प्रसाद अधिकारी	कोषाध्यक्ष	हेटौंडा–०७
५	श्री नवराज खतिवडा	सदस्य	हेटौंडा–०७
६	श्री शिब कुमार के.शी	सदस्य	हेटौंडा–०७
७	श्री बिजय बहादुर बस्नेत	सदस्य	हेटौंडा–०७
८	श्री रबिना सिग्देल	सदस्य	हेटौंडा–०८
९	श्री सरस्वती लामिछाने	सदस्य	हेटौंडा–०७

छैठौं कार्यकाल २०६८।०६।२९ देखी २०७१।०६।२५ सम्म

सि.न.	नाम, थर	पद	ठेगाना
१	श्री ईन्द्र बहादुर बस्नेत	अध्यक्ष	हेटौंडा–०७
२	श्री बाल कुमारी ढकाल	उपाध्यक्ष	हेटौंडा–०८
३	श्री राजन थापा क्षेत्री	सचिव	हेटौंडा–०७
४	श्री रामजी प्रसाद पौडेल	कोषाध्यक्ष	हेटौंडा–०७
५	श्री नवराज खतिवडा	सदस्य	हेटौंडा–०७
६	श्री शिब कुमार के.शी	सदस्य	हेटौंडा–०७
७	श्री बिजय बहादुर बस्नेत	सदस्य	हेटौंडा–०७
८	श्री कृष्ण प्रसाद दाहाल	सदस्य	हेटौंडा–०७
९	श्री सरस्वती लामिछाने	सदस्य	हेटौंडा–०७
१०	श्री साबित्री अधिकारी	सदस्य	हेटौंडा–०७
११	श्री सिताराम प्रधान	सदस्य	हेटौंडा–०८

सातौ कार्यकाल २०७१।०६।२६ देखी २०७४।०६।२० सम्म

सि.न.	नाम, थर	पद	ठेगाना
१	श्री ईन्द्र बहादुर बस्नेत	अध्यक्ष	हेटौंडा–०७
२	श्री बाल कुमारी ढकाल	उपाध्यक्ष	हेटौंडा–०८
३	श्री राजन थापा क्षेत्री	सचिव	हेटौंडा–०७
४	श्री रामजी प्रसाद पौडेल	कोषाध्यक्ष	हेटौंडा–०७
५	श्री केदार दाहाल	सदस्य	हेटौंडा–०७
६	श्री कृष्ण प्रसाद दाहाल	सदस्य	हेटौंडा–०७
७	श्री बिजय बहादुर बस्नेत	सदस्य	हेटौंडा–०७
८	श्री साबित्री अधिकारी	सदस्य	हेटौंडा–०७
९	श्री बिष्णु प्रसाद अर्जेल	सदस्य	हेटौंडा–०८
१०	श्री दिपेश लामिछाने	सदस्य	हेटौंडा–०७
११	श्री रति सिलवाल	सदस्य	हेटौंडा–०६

आठौं कार्यकाल २०७४।०६।२१ देखी २०७८।०९।१७ सम्म

सि.न.	नाम, थर	पद	ठेगाना
१	श्री ईन्द्र बहादुर बस्नेत	अध्यक्ष	हेटौंडा–०७
२	श्री साबित्री अधिकारी	उपाध्यक्ष	हेटौंडा–०८
३	श्री रामजी प्रसाद पौडेल	सचिव	हेटौंडा–०७
४	श्री बिजय बहादुर बस्नेत	कोषाध्यक्ष	हेटौंडा–०७
५	श्री रघु प्रसाद आचार्य	सदस्य	हेटौंडा–०७
६	श्री पार्वती ढकाल	सदस्य	हेटौंडा–०७
७	श्री कमला खुलाल	सदस्य	हेटौंडा–०७
८	श्री उर्मिला चौलागाई	सदस्य	हेटौंडा–०८
९	श्री सिताराम प्रधान	सदस्य	हेटौंडा–०८
१०	श्री रामहरी सापकोटा	सदस्य	हेटौंडा–०६
११	श्री माधव प्रसाद लामिछाने	सदस्य	हेटौंडा–०७

नवौं कार्यकाल २०७८।०९।१८ देखी २०८२।१२।१३ सम्म

सि.न.	नाम, थर	पद	ठेगाना
१	श्री ईन्द्र बहादुर बस्नेत	अध्यक्ष	हेटौंडा–०७
२	श्री बिजय बहादुर बस्नेत	उपाध्यक्ष	हेटौंडा–०८
३	श्री युवराज गौतम	सचिव	हेटौंडा–०७
४	श्री पार्वती ढकाल	कोषाध्यक्ष	हेटौंडा–०७
५	श्री रघु प्रसाद आचार्य	सदस्य	हेटौंडा–०७
६	श्री राजु अधिकारी	सदस्य	हेटौंडा–०७
७	श्री अम्बिका कार्की	सदस्य	हेटौंडा–०७
८	श्री उर्मिला चौलागाई	सदस्य	हेटौंडा–०८
९	श्री धुर्बकृष्ण कुवर	सदस्य	हेटौंडा–०७
१०	श्री सरस्वती थापा	सदस्य	हेटौंडा–०७
११	श्री सिताराम प्रधान	सदस्य	हेटौंडा–०८

दशौं कार्यकाल २०८२।१२।१५ देखी हालसम्म

सि.न.	नामथर	पद	ठेगाना
१	श्री राजु वाईवा	अध्यक्ष	हेटौंडा–०७
२	श्री खडानन्द चौलागाई	उपाध्यक्ष	हेटौंडा–०७
३	श्री युवराज गौतम	सचिव	हेटौंडा–०७
४	श्री मोनिका पौडेल	कोषाध्यक्ष	हेटौंडा–०८
५	श्री धुर्बकृष्ण कुवर	सदस्य	हेटौंडा–०७
६	श्री अम्बिका कार्की	सदस्य	हेटौंडा–०७
७	श्री उर्मिला चौलागाई	सदस्य	हेटौंडा–०८
८	श्री बिजयता सापकोटा	सदस्य	हेटौंडा–०७
९	श्री सरस्वती थापा	सदस्य (राजिनामा)	हेटौंडा–०७

अव म आ.ब. २०८२/०८३ मा संस्थाले सदस्यहरुलाई बिभिन्न शिर्षकमा उपलब्ध गराएको सुरक्षण रकमको बिबरण पेश गर्न चाहन्छु ।

सदस्य सुरक्ष्ण कोष

आर्थिक बर्ष वर्ष २०८२/८३ मा सुरक्षण बचतबाट ५ लाख ८८ हजार खर्च भएको छ। यस बर्ष दिवंगत हुनुहुने हाम्रा शेयर सदस्यहरुका परिवारहरुलाई प्रति सदस्य रु. २८,००० सम्म पारिवारिक राहत वितरण गरिएको छ। मृतक सदस्यहर प्रती हार्दिक श्रद्धाजली अर्पण गर्दछौं।

सि.न.	नाम, थर	शेयर नं.	ठेगाना	रकम
१	मिठे बहादुर कार्की	२२९२	हेटौंडा –०७	२८,०००/-
२	केदार प्रसाद कोईराला	७६३०	हेटौंडा –०७	१४,०००/-
३	तिल कुमारी दाहाल	३६७५	हेटौंडा –०६	२८,०००/-
४	पदमराज सेढाई	४०९७	हेटौंडा –०७	२८,०००/-
५	राधादेबी अधिकारी	३००१	हेटौंडा –०८	२८,०००/-
६	विपी माया थिङ	७१४६	हेटौंडा –१६	७,०००/-
७	तारादेबी कार्की	४८२	हेटौंडा –०७	२८,०००/-
८	क्षेत्र कुमारी भण्डारी	१७३५	हेटौंडा –०७	२८,०००/-
९	सुनमाया भ्लोन	१६५४	हेटौंडा –०७	२८,०००/-
१०	दुर्गा प्रसाद फुयाल	४०१	हेटौंडा –०७	२८,०००/-
११	शिव प्रसाद पौडेल	८०४६	हेटौंडा –०७	७,०००/-
१२	गुरु प्रसाद गौतम	२२७५	हेटौंडा –०७	२८,०००/-
१३	सञ्जमान घलान	११८१	हेटौंडा –०७	२८,०००/-
१४	सोम बहादुर लामिछाने	२२१४	हेटौंडा –०७	२८,०००/-
१५	कान्छि थापा	१२२०	हेटौंडा –०८	२८,०००/-
१६	राममाया थिङ	४३९७	हेटौंडा –०७	२८,०००/-
१७	पुस्कर बलामी	४६५७	हेटौंडा –०६	२८,०००/-
१८	अनुप कुमार बस्नेत	१३२४	हेटौंडा –०७	२८,०००/-
१९	उषा गौतम	५७७४	हेटौंडा –०७	२८,०००/-
२०	रुकुमाया गौतम	१६३४	हेटौंडा –०७	२८,०००/-
२१	जनुकादेबी खड्का	४१९	हेटौंडा –०७	२८,०००/-
२२	सुकुमाया वाईवा	२८७	हेटौंडा –०८	२८,०००/-
२३	तिलकुमारी सापकोटा	३५७६	हेटौंडा –०६	२८,०००/-
		जम्मा		५,८८,०००/-

दुर्घटना राहत

संस्थाका शेयर सदस्यलाई आकस्मिक दुर्घटना परी अस्पतालमा भर्ना भएमा रु ४ हजार सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ । भने यस वर्ष आकस्मिक दुर्घटनामा पर्ने २५ जना शेयर सदस्यहरुलाई रु ९८ हजार रुपैया मात्र खर्च लेखा भएको छ ।

सिं.नं.	शेयर सदस्य नं.	नाम थर	ठेगाना	रकम
१	१०१२	तारा तितुङ्ग	हेटौडा	४०००।-
२	३२३०	मधु कुमारी जोसी	हेटौडा	४०००।-
३	३३०८	फुलमाया थोकर	हेटौडा	४०००।-
४	५५५१	जित बहादुर थापा	हेटौडा	४०००।-
५	७१५५	सरोज कार्की	हेटौडा	२०००।-
६	९७३	अम्बिका शर्मा	हेटौडा	४०००।-
७	२२०५	खडग कमारी चौलागाई	हेटौडा	४०००।-
८	२३८७	मन्जु दाहाल	हेटौडा	४०००।-
९	६९५२	ईश्वरी खडका	हेटौडा	४०००।-
१०	७७२१	पुर्ण बहादुर रोक्का	हेटौडा	४०००।-
११	४८८१	लक्ष्मी कुमारी लामा	हेटौडा	४०००।-
१२	४४२४	साबित्री पौडेल	हेटौडा	४०००।-
१३	६०९५	अमृता रुम्बा	हेटौडा	४०००।-
१४	७४०४	निरज श्रीबास्तब	हेटौडा	४०००।-
१५	७१५९	देबकी पौडेल	हेटौडा	४०००।-
१६	४६०९	नर माया खडग	हेटौडा	४०००।-
१७	७८३६	निशा मिजार	हेटौडा	४०००।-
१८	२०४६	लाल बहादुर	हेटौडा	४०००।-
१९	५४२७	खेम बहादुर थापा मगर	हेटौडा	४०००।-
२०	५४२८	रुपा थापा मगर	हेटौडा	४०००।-
२१	११४५	प्रतिमा अधिकारी	हेटौडा	४०००।-
२२	४१०९	सुजन कार्की	हेटौडा	४०००।-

२३	५८९६	रिता माया स्याङतान	हेटौडा	४०००।-
२४	२७९७	उर्मिला बल	हेटौडा	४०००।-
२५	५२३५	मैया रिजाल	हेटौंडा	४,०००।-
जम्मा				९८,०००।-

घातक रोग राहत

संस्थाका शेयर सदस्यलाई घातक रोग लागी अस्पतालमा भर्ना भएमा रु १०,००० हजार सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ । भने यस वर्ष आकस्मिक दुर्घटनामा पर्ने १० जना शेयर सदस्यहरुलाई रु १ लाख रुपैया मात्र खर्च लेखा भएको छ ।

सिं.नं.	शेयर सदस्य नं.	नाम थर	ठेगाना	रकम
१	१९६७	दिल बहादुर थापा	हेटौडा	१०,०००।-
२	३५५	बिना लामीछाने	हेटौडा	१०,०००।-
३	२२१४	सोम बहादुर लामीछाने	हेटौडा	१०,०००।-
४	६२००	कुल प्रसाद दुलाल	हेटौडा	१०,०००।-
५		प्रेम बहादुर खडका	हेटौडा	१०,०००।-
६	७९००	कृष्ण प्रसाद दाहाल	हेटौडा	१०,०००।-
७	७८४५	पदम प्रसाद न्यौपाने	हेटौडा	१०,०००।-
८		सुकमाया स्याङतान	हेटौडा	१०,०००।-
९	६६८५	सान्नानी थोकर	हेटौडा	१०,०००।-
१०	१६१८	भुव कुमारी कुवर	हेटौडा	१०,०००।-
जम्मा				१,००,०००।-

पोषण राहत

संस्थाका शेयर सदस्यलाई सुत्केरी पोषण बापत पोषण खर्च बितरण कार्यक्रम अन्तर्गत यस बर्ष ४९ जना शेयर सदस्यहरुलाई २ हजारको दरले रु ९८ हजार मात्र रकम प्रदान गरि खर्च लेखा भएको छ ।

सिं.नं.	शेयर सदस्य नं.	नम थर	ठेगाना	रकम
१	४६६३	अस्मिता थिङ	हेटौडा	२०००।-
२	८१३१	सन्तोषी बिश्वकर्मा	हेटौडा	२०००।-
३	५०९८	बिना गोले	हेटौडा	२०००।-

४	६९७६	मनिता बिडारी	हेटौडा	२०००।-
५	७५२६	दीपा परियार	हेटौडा	२०००।-
६	४०४०	सुजिना घलान	हेटौडा	२०००।-
७	६५६४	रमिता सुयाल	हेटौडा	२०००।-
८	८१८०	खुमा भण्डारी	हेटौडा	२०००।-
९	४९५२	अस्मिता भट्टराई	हेटौडा	२०००।-
१०	२०१८	प्रेमा महत	हेटौडा	२०००।-
११	५८५१	शुभाष अधिकारी	हेटौडा	२०००।-
१२	६२५१	निशा घलान	हेटौडा	२०००।-
१३	२६३६	पासाङ डोल्मा	हेटौडा	२०००।-
१४	२६९२	बसन्ती मैनाली	हेटौडा	२०००।-
१५	८३०५	बिक्रम पौडेल	हेटौडा	२०००।-
१६	४२१७	सलिना थापामगर	हेटौडा	२०००।-
१७	५५८४	अस्मिता भुसाल	हेटौडा	२०००।-
१८	८२०२	बिनिता फुयाल	हेटौडा	२०००।-
१९	८१२०	भाव कुमारी अधिकारी	हेटौडा	२०००।-
२०	३६३	हेम कुमारी गौतम	हेटौडा	२०००।-
२१	५७९०	रबिना अर्याल	हेटौडा	२०००।-
२२	६२२७	भगवती चौलागाई	हेटौडा	२०००।-
२३	३३२०	सुसान्त पुडासैनी	हेटौडा	२०००।-
२४	८११४	सुनिता घिमिरे	हेटौडा	२०००।-
२५	७३६०	सुजता सिग्देल	हेटौडा	२०००।-
२६	७४५६	सुरेश प्रसाद मैनाली	हेटौडा	२०००।-
२७	३१५९	रण बहादुर सुनार	हेटौडा	२०००।-
२८	४५३२	अनुपा ढकाल	हेटौडा	२०००।-
२९	५७५६	किरण गौतम	हेटौडा	२०००।-
३०	८२५२	सुजन बिक्रम थापा	हेटौडा	२०००।-
३१	६८६९	सम्झना चुनी मगर	हेटौडा	२०००।-
३२	७४७६	जपना सिवाकोटी	हेटौडा	२०००।-

३३	५८६३	भोला के.सी	हेटौडा	२०००।-
३४	८११९	रन्जिता भेगा	हेटौडा	२०००।-
३५	५७००	युबराज ढकाल	हेटौडा	२०००।-
३६	२८३४	देबकी अर्याल	हेटौडा	२०००।-
३७	७२५३	प्रतिमा आचार्य	हेटौडा	२०००।-
३८	८१२९	करुना सुबेदी	हेटौडा	२०००।-
३९	२६३२	बिवश थापा	हेटौडा	२०००।-
४०	४७९४	पुजा तिवारी	हेटौडा	२०००।-
४१	४९१६	मनिषा गौतम	हेटौडा	२०००।-
४२	७८०१	सबिना न्यौपाने	हेटौडा	२०००।-
४३	८२१४	प्रनिशा गिरी	हेटौडा	२०००।-
४४	८३७८	रमिला सापकोटा	हेटौडा	२०००।-
४५	६६६३	सिता कुमारी थिङ्ग	हेटौडा	२०००।-
४६	६७९	सुनिता लामा तामाङ्ग	हेटौडा	२०००।-
४७	४३४७	प्रतिमा सापकोटा	हेटौडा	२०००।-
४८	६८८६	सुमन बिडारी	हेटौडा	२०००।-
४९	५८४३	साहारा उप्रेती	हेटौडा	२०००।-
			जम्मा	९८०००/-

अन्तयमा आउदै गरेको बिजय, दशमी शुभदिपवाली, नेपाल सम्बत, छठ, क्रिस्मस तथा ल्होछार पर्वको अवसरमा आदरणीय शेयरधनी महानुभावहरु, संस्थाका संस्थापक सदस्यज्युहरु तथा अतिथी गणहरु, सञ्चलक समितिका सहकर्मि साथीहरु लेखा समिति संयोजक तथा सदस्य ज्युहरु विभिन्न उपसमितिका संयोजक तथा सदस्य ज्युहरु संस्थाका कर्मचारी साथीहरुमा हार्दिक शुभकामना ब्यक्त गर्दै । मेरो मन्तव्य यही अन्तय गर्न चाहन्छु ।

धन्यावद ।
जय सहकारी ।
जय हेटौंडा साकोस ।

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा ७ मकवानपुरको

२७ औं वार्षिक साधारणसभामा आर्थिक वर्ष २०८३/०८४ को सचिब श्री युवराज गौतमद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन ।



युवराज गौतम
सचिव

आज हामी बिभिन्न आरोह र अवरोह पार गरि २६ औं बसन्त पुरा गरि २७ औ ऐतिहासिक वार्षिक साधारणसभामा उपस्थित भएका छौं । संस्थाको सदस्य भएका नाताले आफ्नो ब्यस्त समयका बाबजुद पनि हाम्रो निमन्त्रणालाई स्वीकार गरि २७ औ गरिमामयं वार्षिक साधारणसभालाई सम्पन्न गर्न पाल्नु भएका आदरणीय शेयर सदस्यज्युहरु मञ्च आसिन आजका सभाका अध्यक्षज्यु, पदाधिकारीज्युहरु संचालक सदस्यज्युहरु, लेखासुपरिबेक्षण समितिका संयोजक तथा सदस्य एंवम् विभिन्न उपसमितिका संयोजक तथा सेवाकेन्द संचालन सहयोग उपसमितिका सदस्यज्युहरु, यस संस्थाका जन्मदाता संस्थापकज्युहरु, पुर्व संचालकज्युहरु, पुर्व लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्युहरु, कानुनी सल्लाहकारज्यु, शेयर सदस्यज्युहरु र कर्मचारी साथीहरु लगाएत सबैमा हार्दिक स्वागत एंवम् सहकारी अभिबादन ब्यक्त गर्दछु ।

परनिर्भरताबाट आत्मनिर्भरता तर्फ लैजाने अभिप्रायका साथ बचतलाई एकिकृत र परिचालन गर्दै सानो सानो बचतबाट ठुलो पुजिको निमार्ण गरि आर्थिक रुपान्तरणको निमित्त यस संस्थाको परिकल्पना अनुरुप मिति २०५६ पौष ०७ गते स्थापना भएको हो । सहकारी सिद्धान्त र मुल्यमान्यतालाई आत्म साथ गर्दै समुदायमा रहेका आफ्नो सदस्यहरुको बिचमा उत्कृष्टता हासिल भइरहेको छ । सदस्यहरुको आर्थिक बिकाशमा मात्र ध्यान नपुऱ्याएर सामाजिक सास्कृतीक क्रृयाकलापको माध्यमबाट दिगोपन भएको संस्था बनाउने कामहरुलाई पनि अगाडि बढाइएको छ । संस्थाले सदस्य शिक्षा कार्यक्रम र शिपमुलक तालिममा सदस्यहरुलाई सहभागि गराउदै आईरहेको कारण, सदस्यहरुको गर्जो टार्ने मामिलामा हाम्रो संस्था सदस्यको बिचमा गौरबको रुपमा स्थापित भएको छ । सदस्यहरुको आर्थिक तथा सामाजिक गतिबिधिलाई बृद्धि गर्दै संस्थाले उत्कृष्ठ सेवा प्रबाह गर्दै अनुशासित सदस्य र दिगो सहकारी संस्था निमार्ण गर्न हामी निरन्तर लागिरहेका छौं । सदस्यहरुको आर्थिक सामाजिक रुपान्तरण सहित सुबिधा सम्पन्न वित्तिय संस्थाको रुपमा बिकाश गर्ने ।" संस्थाको परिकल्पनालाई पुरा गर्न लाग्नु हुने पुर्व संचालकज्युहरु हालको संचालक समिति, लेखा सुपरिबेक्षण समिति, बिभिन्न उपसमितिहरुका संयोजक तथा सदस्यज्युहरु, कर्मचारीहरु एंबम सहकारी अभियानमा योगदान पुऱ्याउनुहुने सम्पुर्ण अभियानकर्मिहरु र सम्पुर्ण शेयर सदस्यहरुलाई हार्दिकतापुर्वक सम्मान ब्यक्त गर्न चाहन्छु ।

अब म संचालक समिति र बिभिन्न उपसमितिहरुको कामकाज र रचनात्मक क्रृयाकलापहरुको विषयमा जानकारी गराउने अनुमती चाहन्छु ।

१. संचालक समिति र उपमितिको बैठक

सञ्चालक समितिको नियमित बैठक प्रत्येक महिनाको ०८ गते बस्ने गरेको छ । आवश्यक्ता अनुसार अन्य समयमा पनि संचालक समितिको बैठकको आयोजना गर्ने गरिएको छ । लेखा सुपरिवेक्षण समितिको तर्फबाट संचालक समितिलाई महत्वपुर्ण रचनात्मक सुझाबहरु प्राप्त

भईरहेको छ । ऋण उपसमिति तथा कर्जा व्यवस्थापन कमिटिको बैठक ऋण मागको चाप हेरी आवश्यक्ता अनुसार बस्ने गरेको छ । महिला उप समिति, शिक्षा उप समिति, स्वास्थ्य उप समिति र युवा तथा खेलकुद उपसमितिहरुको बैठक आबश्यकता अनुसार बस्ने गरिएको छ भने सेवा केन्द्र संचालन तथा सहयोग उपसमितिको बैठक मासिकरुपमा भईरहेको समेत अबगत गराउंदछु ।

संस्थाको संचालक समितिको सक्रियताको अबस्था :

क्र.स.	पदाधिकारीहरुको नाम	पद	बैठक संख्या	उपस्थिति
१	श्री राजु वाइवा	अध्यक्ष	१७	१६
२	श्री खडानन्द चौलागाई	उपाध्यक्ष	१७	१३
३	श्री युवराज गौतम	सचिव	१७	१७
४	श्री मोनिका पौडेल	कोषाध्यक्ष	१७	१७
५	श्री उर्मिला चौलागाई	सदस्य	१७	९
६	श्री ध्रुव कृष्ण कुंवर	सदस्य	१७	१७
७	श्री अम्बिका कार्की	सदस्य	१७	११
८	श्री बिजयता सापकोटा	सदस्य	१७	१५

संस्थाको दैनिक कामकाजको अबस्था

संस्थाको दैनिक कामकाज निम्नानुसार कर्मचारीहरुबाट भइरहेको छ । हाल कार्यालय व्यवस्थापनमा व्यवस्थापकबाट कार्यालय व्यवस्थापनको काममा अगुवाई गरिरहनुभएको छ भने मुख्य कार्यालयमा लेखा बिभाग, बचत बिभाग, ऋण बिभाग, प्रशासन बिभाग लगाएत सुरक्षा शाखामा समेत विभागिय प्रमुख तथा अन्य कर्मचारी गरि ८ जनाले कार्यालय प्रमुखबाट तोकिएको जिम्वेवारी पुरा गरिरहनुभएको छ भने ३ वटा सदस्य सेवा केन्द्रहरुमा संचालक समितिको निर्णय अनुसार केन्द्रको निर्देशन बमोजिम आबश्यक कर्मचारीहरुबाट दैनिक कामकाज भइरहेको छ । भने कर्मचारी व्यवस्थापनको बिद्यमान व्यवस्था र अबस्था देहायबमोजिम रहेको जानकारी गराउंदछु ।

क्र.स.	नाम	पद
१	श्री सुशिल सुवेदी	का.मु. व्यवस्थापक/प्रवन्धक
२	श्री सरस्वती पाख्रिन	लेखा प्रमुख
३	श्री श्याम कुमार दहाल	ऋण बिभाग प्रमुख
४	श्री झुमा ढकाल लामिछाने	सेवा केन्द्र सहायक
५	श्री शोभिता अधिकारी	ऋण सहायक
६	श्री मनिषा लम्साल घिमिरे	बजार प्रतिनिधि
७	श्री पुनम गौतम	बजार प्रतिनिधि

८	श्री अरुण विश्वकर्मा	बजार प्रतिनिधि
९	श्री आरती सार्की	बजार प्रतिनिधि
१०	श्री बिश्वराज बजगाई	बजार प्रतिनिधि
११	श्री बिमल खत्री	बजार प्रतिनिधि
१२	श्री राममाया घलान	कार्यालय सहयोगी
१३	श्री हरि बहादुर थापा	सुरक्षाकर्मी
१४	श्री कृष्ण प्रसाद अधिकारी	सुरक्षाकर्मी

२. अब म २७ औं वार्षिक साधारणसभामा सदस्यहरुको काम, कर्तब्य र अधिकारको विषयमा छोटो चर्चा तथा समिक्षा गर्न चाहन्छु ।

१) नियमित रुपमा संस्थामा उपस्थित भै नियमित कारोबार गर्ने
२) आफ्नो आर्थिक कारोबार संस्थाबाट मात्र गर्ने ।
३) सहकारी संस्थाको बिकाशमा सकारात्मक सहयोग गर्ने ।
४) साधारणसभामा उपस्थित भै सभा समापन नभएसम्म आफ्नो उपस्थिति जनाई सकारात्मक बिचार प्रबाह गर्ने ।
५) सदस्य केन्द्रित भै समुदायको हितमा अगाडि बढ्ने ।
५) उपसमितिमा रहेर संस्थाको काम काज गर्ने ।
६) संस्थाको बिकाश र दिगोपनको लागि शेयर सदस्यको कर्तब्य पुरा गर्ने ।
७) संस्थाले आयोजना गर्ने हरेक कार्यक्रमहरुमा सहभागि बन्ने ।
८) स्वयम उपस्थित भै वास्तबिक सुचना लिने र प्रबाह गर्ने ।
९) संस्थाबाट लिएको ऋणलाई सहि र पुर्ण रुपमा सदुपयोग गर्ने ।
१०) सदस्य पहिचान फारम समयमै अद्यावधिक गराउने ।
११) वार्षिक साधारणसभामा अनिवार्य उपस्थित हुने ।
१२) सहकारी ऐन नियम र विनियम, नीति तथा कार्यविधिहरुको पुर्ण रुपमा पालना गर्ने ।
१३) आफ्नो मात्र हर हिसाब हेर्न पाउने सदस्यको अधिकार हो ।
१५) शेयर लाभाशं र संरक्षीत पुजी फिर्ता कोष प्राप्त गर्नु सदस्यको अधिकार हो ।
१६) संचालक तथा लेखा सुपरिबेक्षण समिति चयन गर्ने ।
१७) नियमित बचत र ऋणको किस्ता नियमित भुक्तानी गर्ने ।
१८) संस्थालाई उपलब्ध गराउनु पर्ने कागजात समयमै उपलब्ध गराउने ।
१९) आफु जमानी बसेको सदस्यको ऋणको भाखा नाघे ननाघेको सुक्ष्म रुपमा बिचार गर्ने ।
२०) संस्थाको बिषयमा वास्तबिकता नबुझी गलत बिचार प्रवाह गर्नु हुदैन ।
२१) सदस्यको अधिकार अघि सारिरहंदा कतै सदस्यको कर्तब्यलाई चै ध्यान दिएनौं कि बिचार गरौं ।
२२) समय समयमा संस्थामा सर्म्पक गरि संस्थाको गतिबिधिको विषयमा जानकारी लिने ।

३. उपलब्ध बचत तथा ऋणका सेवाहरु

बचतका शिर्षकहरु	आबधिक बचत १ वर्ष	ऋणका शिर्षकहरु
नियमित मासिक बचत	आबधिक बचत २ वर्ष	घरायसी
बाल बचत	आबधिक बचत ३ वर्ष	ब्यापार ब्यवसाय कर्जा
ऐच्छिक बचत	सरल आबधिक बचत	बैदेशिक रोजगार कर्जा
पर्व बचत	ग्रा.सु बचत	कृषि कर्जा
बिमा बचत	पेन्सन बचत	पशुपालन कर्जा
दैनिक बचत	जिबन सुरक्षा बचत	आकस्मिक कर्जा
जेष्ठ सदस्य बचत	सदस्य सुरक्षण बचत	शैक्षिक कर्जा
आबधिक बचत ६ महिना	आबधिक बचत ब्याज खाता	महिला उद्यमी कर्जा
आबधिक बचत ९ महिना	कर्जा सुरक्षण बचत	

सहकारीका सात रङ्गहरू

१. रातो : समृद्धिको प्रतिक
२. हरियो : शान्तिको प्रतिक
३. वैजनी : सत्यको प्रतिक
४. निलो : प्रेमको प्रतिक
५. पहेलो : न्यायको प्रतिक
६. सुन्तला : प्रगतिको प्रतिक
७. आकाशे : अहिंसाको प्रतिक

सहकारीका सिद्धान्तहरू

१) स्वेछिक तथा खुल्ला सदस्यता
२) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
३) सदस्यहरुको आर्थिक सहभागिता
४) स्वयत्तता तथा स्वतन्त्रता
५) शिक्षा तालिम र सूचना
६) सहकारीहरु विच सहयोग
७) समुदाय प्रति चासो

सहकारीका मूल्य र मान्यताहरू

१) आधार मूल्य
क) स्वसहयोग
ख) स्वउत्तरदायी
ग) प्रजातन्त्र
घ) समानता
ङ) समता
च) ऐक्यवद्धता

२) सहकारीका नैतिक मूल्यहरू
क) इमानदारीता
ख) खुल्लापन
ग) सामाजिक उत्तरदायित्व
घ) अरूको हेर विचार

४. संस्थाको छातासंगठनहरुमा आबद्धता

१) जिल्ला बचत तथा सहकारी संघ लि. मकवानपुर ।
२) बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. ।
३) नेपाल बचत तथा ऋण सहकारी संघ लि. ।
४) जिल्ला सहकारी संघ लि. मकवानपुर ।
५) राष्ट्रिय सहकारी बैंक लि.

आदरणीय उपस्थित महानुभाव ज्युहरु

संस्था सञ्चालनको लागि आवश्यक नीति कार्यक्रम र वजेट तयार पारि साधारणसभा बाट अनुमोदन गर्ने गरि आ.व. २०८३/०८४ को श्रावण १ गते देखि लागु गर्न निम्न बमोजिमको कार्यक्रम हरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. साधारण सभा

संस्था स्थापना भए देखिनै बर्षको एक पटक बार्षिक साधारण भेला भईरहेको ब्यहोरा अवगत गराउन चाहन्छु । गत वर्ष २०८२ पौष २६ गते २६ औं साभारण सभा सम्पन्न गरिएको थियो भने २७ औं वार्षीक साधारण सभा आज हुन गईरहेको छ । आगामी २८ औं वार्षिक साधारण सभा कार्यविधि निर्माण गरी प्रतिनिधि मुलक रुपमा गर्ने ब्यवस्था मिलाईने छ ।

अब म संस्थाको २०८३ आषाढ मसान्त सम्मको संक्षिप्त वित्तिय अबस्थाको बारेमा जानकारी गराउंदछु । विस्तृत जानकारी कोषध्यक्षज्युको प्रतिवेदन बाट हुनेनैछ ।

२. शेयर पुँजी र शेयर सदस्य

आ.ब २०८२/८३ मा शेयर पुँजी ५ करोड २४ लाख ५८ हजार ३ सय रहेको छ । त्यस्तै शेयर सदस्य २०८२/८३ सम्ममा ६९२२ जना रहेका छन् ।

३. कोषको अबस्था

आर्थिक वर्ष २०८१/०८२ सम्म जगेडा कोषमा ४ कारोड २२ लाख ५९ हजार १ सय ८४ रुपैया ६६ पैसा र अन्य कोषमा ७७ लाख ६ हजार १ सय ८५ रुपैया रहेको छ ।

४. बचत

आर्थिक वर्ष २०८२/८३ मा सबै किसिमको बचत जम्मा ५६ करोड २७ लाख ४१ हजार १ सय ५३ रुपैया ७६ पैसा रहेकोछ । यस आर्थिक वर्षको लागि मासिक बचत, दैनिक बचत आवधिक बचत, पेन्सन बचत, बाल बचत, पर्व बचत, ग्रा.सु बचत, ऐच्छिक बचत, सदस्य सुरक्षण बचत, बिमा बचत, सरल आवधिक बचत, जीवन सुरक्षा बचत आदि बचत शीर्षकहरुबाट बचत संकलन गरिने छ ।

५. कर्जा लगानी र असुली

यस आर्थिक वर्ष देखि कारोबार नियमित हुने सदस्यहरुलाई ब्यवसायिक प्रयोजनको निमित्त आबश्यक कागजात संलग्न गरी रु ३ लाख सम्म सामुहिक जमानीमा कर्जा लगानी गर्ने नीति लिएको छ ।

६. कर्जा सुरक्षण

कर्जा सुरक्षणमा यस आर्थिक वर्ष सम्म रु २२ लाख २४ हजार ४ सय १ रुपैया रहेको छ भने नियमित रुपमा किस्ता र ब्याज तिर्ने सदस्यको कर्जा अवधि बाकिं छदै मृत्यु हुंदा तिर्न बांकीं ऋण रु यसबाट मिलान गर्ने नीति रहेको ।

७. अध्ययन भ्रमण, तालिम, गोष्ठी र पुरस्कार तथा छात्रवृत्ति

यस वर्ष पनि अध्ययन भ्रमणलाई वार्षिक कार्यक्रममा समावेश गरिएको छ । साथै विगत वर्ष देखि निरन्तर दिदैं आएको शेयर सदस्यका छोरा छोरीले प्रवेशिका बिशीष्ट श्रेणीमा उर्तिण भएमा पुरस्कारको व्यवस्थालाई निरन्तरता दिदै संस्थाको नीति नियम भित्र रहि अनुशासित रुपमा कारोबार गर्ने शेयर सदस्यज्युहरुलाई पनि पुरस्कृत गरिने व्यवस्था कायमै राखिएको छ । यस वर्ष उत्कृस्ठ कारोबार गर्ने सदस्यहरु मध्यबाट निम्न सदस्यहरुलाई विभिन्न विधामा २७ औं साधारणसभाको अवसरमा सम्मानित तथा पुरस्कृत गरिएको छ ।

मासिक बचत तर्फ :

१) शेयर नं. ३५१४ श्री हिरामाया साखी क्षेत्री
२) शेयर नं. २२०४ श्री भागिरथी शर्मा
३) शेयर नं. २६६५ श्री कृष्ण बहादुर थापा मगर

बाल बचत तर्फ :

१) शेयर नं. ७०१५ श्री सुदुष्टि सिग्देल (रुपक सिग्देल)
२) शेयर नं. ६२१ प्राब्यान हुमागाई (प्रलाद हुमागाई)
३) शेयर नं. १६०५ सिमरन थिङ (दुर्गाकुमारी लामा)

कानुनी सल्लाह तर्फ :

१) शेयर नं. १९४७ श्री धुर्ब प्रसाद चौलागाई

उत्कृष्ठ सदस्य तर्फ :

१) शेयर नं. ११५४ श्री सरिता अधिकारी

आवधिक बचत तर्फ :

१) शेयर नं. १७०० श्री तोरण कुमारी सुवेदी

कर्मचारी तर्फ :

ऋण सहायक श्री शोभित अधिकारी

दैनिक बचत तर्फ :

१) शेयर नं. ६७९१ श्री गजेन्द्र कुमार खनाल
२) शेयर नं. ५६७५ श्री श्रीमाया घलान
३) शेयर नं. २२६१ श्री छविलाल शर्मा

असल ऋणी तर्फ :

१) शेयर नं. ३४५० श्री कृष्णहरी खतिवडा
२) शेयर नं. २९७६ श्री नानुमाया राइ
३) शेयर नं. ४१५३ श्री प्रदिप ओझा

लखपती बचत तर्फ :

१) शेयर नं. ६५८२ श्री सिर्जना घिमिरे

पत्रकारिता तर्फ :

१) श्री बालकृष्ण अधिकारी

संस्थालाई योगदान पुराउने तर्फ :

१) शेयर नं. १०० श्री रामहरी सापकोटा

संमक्षित पुजिँ फिर्ता कोष तर्फ :

१) शेयर नं. १२८० श्री चन्दा क्षेत्री

८. दलित एवं समावेशीकरण

संस्थामा शेयर सदस्य समावेशीकरणको अवधारणा अन्तर्गत दलित शेयर सदस्य बन्न चाहेमा शुरुमा १ कित्ता शेयर खरिद गरी सदस्यता प्रदान गरिएको छ । साथै विगत वर्ष देखि नै संस्थाको सदस्य सरल रुपमा प्राप्त गर्न सकिएको र यो संस्था निम्न बर्गको पहुँच सम्म पुग्न सकोस भन्ने ध्येय राखी रु १,०००/बराबरको १० कित्ता शेयर खरिद गरी नयाँ सुरु शेयर सदस्य भई बचत तथा तोकिएको ऋण कारोबार गर्न सकिने कार्यकमलाई निरन्तरता दिएको छ ।

९. शुन्यकरण अभियान

आर्थिक वर्ष २०८२/८३मा शुन्यकरण अभियान अन्तर्गत ऋणी सदस्यहरु संग फोन ताकेता, पत्राचार र घरदैलो गरि ब्याज असुल गर्ने नीति अबलम्बन गरिएकोमा आर्थिक वर्ष २०८२/०८३ मा कर्जाबाट ब्याज असुली ६ करोड ६८ लाख ३३ हजार २८ रुपैया ब्याज रकम प्राप्त भई शुन्यकरण अभियानमा धेरै सदस्यहरु सहभागि हुनुभएकोछ ।

१०. सदस्य घर पहिचानको लागि हेटौडा साकोस सदस्य स्टिकर वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । चालु आर्थिक वर्षमा सबै शेयर सदस्यहरुको घरमा सदस्य पहिचान स्टिकर वितरण गरिसकिने छ ।

११ (क) गत आर्थिक बर्षमा सम्पन्न भएका कार्यक्रमहरु :

- रेमिटेन्स कारोबार जारी रहेको तथा रेमिट कम्पनिहरु सँग थप सम्वनय गरी निरन्तर सञ्चालनमा रहेको ।
- आकस्मिक दुर्घटनामा रुं ४,००० प्रदान गर्ने गरिएको ।
- उत्पादन मुलक कर्जामा रु ४०,००,००० सम्म र अन्य कर्जामा रु १५,००,००० लगानि भैरहेको ।
- सामुहिक जमानीको आधारमा रु.१,००,००० सम्म कर्जा लगानि गरीएको ।
- बार्षिक साधारण सभामा सदस्य सम्मान र पुरस्कृत गरिएको ।
- महिला उद्यमी कर्जा लगानी संचालन गरिएको ।
- ४९ जना महिला शेयर सदस्यहरुलाई सुत्केरी खर्च (पोषण खर्च) रु. २००० का दरले रु. ९८,००० (अक्षरमा अन्ठानब्बे हजार मात्र) प्रदान गरिएको ।
- आकस्मिक कर्जा २४ घण्टा उपलब्ध गराएको ।
- सदस्यहरुको सुख दुखमा संचालक समिति कार्यक्रम कार्यान्वयनमा गरिएको ।
- संस्था संचालनको लागि आवश्यक नीति र कार्यविधि तयार गरिएको ।
- सदस्य सुरक्षण कोषको व्यवस्था गरिएको र सदस्य मृत्यु भएमा रु २८,००० सम्म दिने व्यवस्था गरिएको ।
- शेयर सदस्यको बालवालिकालाई एस.इ.इ स्नातक, स्नातकोत्तर पिएचडी परिक्षामा संस्थाले तोकेको मापदण्डमा उर्तिण गर्ने सबैलाई छात्रवृतिस्वरुप पुरस्कृत गर्ने गरिएको ।
- मोबाइल बैकिङ कार्यक्रम संचालनमा रहेका ।
- एकै दिन सदस्य बन्ने दम्पतीलाई सम्मान गर्ने गरिएको ।
- विषेश परिस्थितिमा पनि अतिआवश्यक वित्तिय सेवा प्रदान गरिएको ।
- सडक दुर्घटनामा परि शेयर सदस्यको मृत्यु भएमा सुरक्षण कोष बाट प्राप्त हुने रकमको दोब्बर भुक्तानि गर्ने व्यवस्था गरिएको ।
- संस्थाको गतिविधि विश्वव्यापीकरण गर्न वेबसाईट जभतबगमबकबखष्लन।अययउालउ को व्यवस्था गरेको क्क सुविधा प्रदान गरिएको ।
- रकम जम्मा गर्दा र भुक्तानी दिदा नेपाल राष्ट्र बैङ्कले तोके बमोजिम गरिएको ।
- आवधिक बचतको ब्याज मासिक रुपमा भुक्तान गरिएको ।
- त्रैमासिक रुपमा बचतको ब्याज पुंजीकृत गरिएको ।
- टेलिफोन, विद्युत खानेपानी ईन्टरनेटको विल तथा मोवाईल रिर्चाजको व्यवस्था रहेको ।
- संरक्षित पुंजी फिर्ता योगदानको आधारमा वितरण गर्ने गरिएको ।
- शेयर लाभाशं वितरण गरिएको ।
- बचत वृद्धि अभियान अन्तर्गत सरल आवधिक बचत कार्यक्रम संचालनमा रहेको ।
- त्रैमासिक रुपमा ब्याज शुन्यकरण अभियानको सुरुवात गरिएको ।
- कारोबार नियमित हुने सदस्यहरुलाई रु १ लाख सम्म कर्जा लगानी गरिएको ।
- सदस्यहरुको रु. १ लाख सम्मको दुर्घटना बिमा गरिएको ।
- आन्तरिक सहकारी अवलोकन भ्रमण अन्तर्गत नवलपरासी स्थित बिकु साकोसको अध्ययन गरिएको ।

- ➢ जेष्ठ सदस्यहरको लागी तनहुँ को छाब्दी बाराही मन्दिरमा तिर्थयात्रा कार्यक्रम सम्पन्न गरिएको ।
- ➢ जेष्ठ सदस्यको मनका कुरा संस्था सगं कार्यक्रम सम्पन्न गरिएको ।
- ➢ स्थानिय संस्था अवलोकन गरिएको ।
- ➢ त्रैमासिक गोष्ठी तथा समिक्षा कार्यक्र सम्पन्न गरिएको ।
- ➢ संचालक क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको ।

११ (ख) यस वर्ष सम्पन्न हुन नसकेका कार्यक्रमहरु,

१) सदस्यहरुको लागि उत्पादनशील तथा स्वरोजगार बन्ने कार्यक्रम ।
२) आवश्यकता अनुसार संचालक र कर्मचारीहरुलाई स्वदेश तथा विदेश भ्रमणको ब्यवस्था ।
३) आवश्यकता अनुसार संचालक र कर्मचारीहरुलाई मात्र देश दर्शनको ब्यवस्था ।
४) संस्थाको जग्गा सुरक्षित गर्न पर्खाल लगाई पार्किङको ब्यवस्था ।

आर्थिक वर्ष २०८३/०८४ को लागि संस्थाले अबलम्बन गरेका नीति तथा कार्यक्रमहरु

तत्कालिननीति

क) ऋण लगानी ब्यवस्था तर्फ
ख) शेयर सदस्य वृत्ति बिकाश तर्फ
ग) संस्था ब्यवस्थापन तर्फ

क) ऋण लगानी गर्ने व्यवस्था तर्फ :

१. सदस्यहरुलाई उत्पादनशिल कर्जा लगानीमा जोड दिईने छ ।
२. असल ऋणी सदस्यहरुलाई प्राथमिक्ता का साथ लगानी गरिने छ ।
३. सदस्य बनेको ३ महिना पुरा भए पछि धितो जमानीमा लगानी को व्यवस्था गरिने छ ।
४. सामुहिक जमानीको आधारमा सदस्य बनेको ६ महिना पुरा भए पछि मात्र लगानीको व्यवस्था गरिने छ ।
५. धितो मुल्यांकन, धितो मुल्यांकन कार्य बिधीमा उल्लेख भए बमोजिम हुनेछ तर धितो मुल्यांकन बापत लिदै आएको सामुहिक जमानीको आधारमा गरिने लगानीमा धितो मुल्यांकन रकम लिईने छैन ।
६. कर्जा लगानी गर्दा निम्न बमोजिमको व्यवस्था गरिएको छ ।

क) सदस्यहरुलाई कर्जाको आवश्यक्ता	ख) सदस्यहरुको व्यवसायीक क्षमता
ग) सदस्यहरुको श्रोत विश्लेषण	घ) व्यवसायको सम्भाव्यता परिक्षण
ङ) आवश्यक कागजातको परिक्षण	च) ऋण बिभाग बाट अनुगमन प्रतिवेदन

७) आकश्मिक उपचार कर्जा २४ घण्टा उपलब्ध रहने छ । उपचार कर्जा रु ५०,०००/- सम्म लगानी हुने र २ (दुई) महिना भित्र भुक्तान गरेमा व्याज तथा अन्य शुल्क लाग्ने छैन ।
८) उपचार कर्जामा २% व्याज छुट हुने व्यवस्था कायमै गरिएको छ ।
९) माशिक रुपमा ऋणको व्याज मात्र भुक्तानी गर्नेलाई निर्धारित व्याजमा २% थप गरि बुझाउने व्यवस्था कायमै राखिएको छ ।
१०) सदस्य भएको ६ महिना सम्म नियमित बचत गर्ने सदस्यले रु ५० हजार लगानी गर्ने र एक

वर्ष सम्मको अवधिमा नियमित बचत गर्ने सदस्यलाई रु ३ लाख सम्म लगानी गर्ने व्यवस्था लागु गरिने छ ।

११) टोल विकास स्तरिय ईकाई गठन गरि समुह निर्माण गर्ने र सामुहिक उद्यमशिल कर्जा प्रति सदस्य रु. ३ लाख सम्मको दरले लगानी गर्ने नीति लिईने छ ।

१२) सामुहिक जमानीमा लगानि गरिने कर्जामा १%थप शुल्क लिई कर्जा सुरक्षण कोषको व्यवस्था गरिने छ ।

१३) ऋण लिदाको बखत ऋण नीतिले तोके बमोजिम बचत र सेयर अनिवार्य थप गर्नु पर्ने व्यवस्था गरिएको छ ।

१४) सामुहिक फर्म दर्ता गरि व्यवसाय गर्ने सदस्यहरुलाई धितो लिई रु. १ करोड सम्म ऋण लगानी गरिने छ ।

१५) उत्पादन मुलक कर्जा रु. ८० लाख सम्म लगानी गरिने छ ।

१६) धन जमानीको आधारमा ९०% सम्म लगानि गरिने छ ।

१७) ऋण बिभागको सिफारिसमा १५ लाख सम्मको ऋण उप समितिबाट स्वीकृत गरि लगानी गर्ने व्यवस्था गरिएको छ । सामुहिक कर्जा तथा निक्षेप कर्जा ऋण बिभागबाट स्विकृत गरि लगानी गरिने छ ।

१८) बिनियम बमोजिम हर्जना व्यवस्था कायमै राखिएको छ ।

१९) कर्जा लिएको सदस्यहरुले किस्ता स्वरुपको रकम लगातार ३ महिना सम्म नबुझाएमा सञ्चालक तथा कर्मचारी ऋणी सदस्यहरुको घरदैलो गर्नेछ । सदस्यहरुको घरदैलो गर्दा लाग्दै आएको शुल्क मा परिमार्जन गरि बढीमा रु २ सय सम्म अशुल उपर गरिनेछ ।

२०) नियमित किस्ता र व्याज तिर्ने ऋणी सदस्यहरुलाई निर्धारित व्याजमा १% व्याज छुट प्रदान गरिने छ ।

२१) सदस्यहरुलाई कर्जा लगानी गर्नु पुर्व अनिवार्य ६ सि को विश्लेषण पछि मात्र कर्जा लगानी गरिने छ ।

२२) घर निर्माण तथा जग्गा खरिद कर्जा रकम रु २५ लाख सम्म लगानी गरिनेछ ।

२३) १ जना सदस्यले एक जना सदस्यको मात्र जमानी बस्न पाउने व्यवस्थालाई निरन्तरता दिईने छ ।

२४) महिला उद्यमी कर्जालाई निर्धारित व्याजमा २% छुट प्रदान गरिनेछ ।

२५) कृषी कर्जामा कर्जा सदुपयोगिताको आधारमा २% छुटको व्यवस्था गरिनेछ ।

२६) ऋणी सदस्य संगको सम्झौता अनुसार ऋण लिएका सदस्यहरुको खाताबाट किस्ता तथा व्याज मिलान गर्ने कार्य लाई निरन्तरता दिईनेछ ।

२७) आवधिक बचतको आधारमा कर्जा लिएका सदस्यहरुको ऋणको साँवा र व्याज आवधिक बचत बरावर भएमा राफ साफ गर्ने अधिकार ऋण बिभागमा रहनेछ ।

ख. शेयर सदस्य बृत्ति विकास तर्फ :

१) सहकारी संस्थाका सदस्यहरुलाई सहकारी शिक्षा शिविर र बित्तीय साक्षरता कार्यक्रम प्रदान गरिनेछ ।

२) सुख दु:खमा सहकारी कार्यक्रम निरन्तरता दिईनेछ ।

३) जेष्ठ सदस्यलाई तिर्थाटन तथा मनका कुरा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
४) आवश्यक्ता र औचित्यको आधारमा शिपमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
५) व्यवसायीक तथा स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
६) बिभिन्न विधाहरुमा सदस्य सम्मान र छत्रबृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
७) नियमित बचत गर्ने सकृय सदस्यहरुलाई रु. १ लाख सम्मको दुर्घटना विमा लागु गरिनेछ ।
८) नियमित बचत गर्ने सकृय सदस्यहरुलाई मात्र आकश्मिक दुर्घटना सहयोग कार्यक्रम लागु गरिएको छ ।
९) सदस्य सुरक्षण अन्तर्गत सकृय सदस्य मृत्यु भएमा पारिवारिक राहत स्वरुप रु ५० हजार र सदस्यको श्रीमान वा श्रीमतीको मृत्यु भएमा रु. १० हजार सम्म रकम प्रदान गरिने छ । निष्क्रिय सदस्यको हकमा रु १० हजार सम्म राहत प्रदान गर्नेछ ।
१०) सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिईने छ ।
११) सदस्यलाई घातक रोग लागेको पुष्टिभएमा उपचार खर्च रकम रु.१० हजार सम्म प्रदान गरिने छ ।

ग) संस्था व्यवस्थापन तर्फ :

१) स्वऐच्छिक तथा खुल्ला सदस्यता नीति कायमै राखिएको छ ।
२) एक घर एक सदस्य कार्यक्रम प्रभावकारी ढंगबाट सञ्चालन गरिने छ ।
३) सदस्यको घर पहिचानको लागि सदस्य स्टिकर वितरण कार्यक्रम निरन्तरता दिईने छ ।
४) श्रीमान श्रीमती एकै दिन सदस्य बनेमा साधारणसभामा दम्पती सदस्य सम्मान गरिनेछ ।
५) संस्थाले गरेको आर्थिक कारोवार प्रत्येक महिनाको ३ गते भित्र सुचना पाटीमा उल्लेख गरिने छ संस्थाको आधिकारीक पेज मार्फत जानकारी गराईन्छ ।
६) संस्थाको कार्यक्षेत्र भित्र बसाई सरि आउने परिवारलाई सदस्य बन्न आएमा स्वगत तथा सम्मान गरिने छ ।
७) संस्थाले प्रत्येक त्रैमाशिक गोष्ठी को आयोजना गरिने छ ।
८) संस्थामा रकम जम्मा गर्दा र निकाल्दा नेपाल राष्ट्र बैंक ले तोकेको सिमा अनुसार मात्र कारोवार गरिनेछ ।
९) नीति तथा कार्यविधिहरु आवश्यक्ताको आधारमा संशोधन गरिनेछ ।
१०) नियमित बचत को हकमा रु १० हजार खातामा राखि फिर्ता गर्ने नीति लागु गरिने छ ।
११) लखपती बचत योजनालाई निरन्तरता दिईने छ ।
१२) संस्थाको जग्गामा पार्किङ सहितको भवन निर्माण गरिने छ ।
१३) संस्था र संस्थामा कार्यरत कर्मचारीहरुको साझेदारीमा रु ५ लाख जिवन विमा वा जिवन सुरक्षा बचत कार्यक्रमलाई निरन्तरता दिईने छ ।
१४) समिति तथा उप समितिहरुको सेवा सुविधा कार्यक्रममा व्यवस्था गरे अनुसार गरिनेछ ।
१५) आन्तरिक तथा बाह्य सहकारी अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिने छ साथै आवश्यक्ता अनुसार सञ्चालक र कर्मचारीहरुलाई स्वदेश तथा बिदेश भ्रमणको व्यवस्था मिलाईने छ ।
१६) तिज बिशेष कार्यक्रमलाई निरन्तरता दिईने छ ।
१७) रेमिट कारोवारलाई व्यवस्थीत गर्दै अन्य आवश्यक रेमिट कम्पनी हरु संग सम्झौता गरि सदस्य हरुलाई सेवा प्रदान गरिने छ ।

१८) आवधिक बचतको व्याज माशिक रुपमा भुक्तानी को व्यवस्था गरिएको छ ।
१९) त्रैमाशिक रुपमा बचतको व्याज पुँजीकृत गरिने छ ।
२०) बचत तथा कर्जाको व्याजदर समयानुकुल सञ्चालक समितिको निर्णय अनुसार फेरबदल गरिने छ ।
२१) सेवाकेन्द्र संयोजकहरुलाई इन्धन एंव सञ्चार सुविधा व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
२२) सम्झौता सकिएको आवधिक बचत स्वत ऐच्छिक बचतमा समावेश गरिनेछ ।
२३) अति समस्याग्रस्त कर्जा अशुली लाई तिव्रता दिईने र भाखा नाघेको कर्जा सुन्यीकरण गर्ने अभियान सञ्चालन गरिने छ ।
२४) आवश्यक नीति तथा कार्यविधी निर्माण गर्ने ।
२५) सामाजिक उत्तरदायित्व अन्तर्गतको कार्य गरिने छ ।

आ.व. २०८३/०८४ को लागि प्रस्तावित थप नीतिहरु :

१) यस संस्थाको संदस्यहरुलाई बचत तथा ऋण अशुली लाई सहज बनाउन टोल बिकास स्तरिय ईकाई समितिहरु निर्माण गरि परिचालन गरिनेछ ।
२) ईकाई समिति भित्र समुह निर्माण गरि सामुहिक कर्जा लगानी तथा कर्जा अशुली र नियमित बचत संकलन गरिने नीति लिइने छ ।
३) सदस्य सर्वेक्षण कार्य गरिने छ ।
४) जिवन सुरक्षा बचत अन्तर्गत माशिक रु १ सय रुपैंया बचत गर्ने नीति लागु गरिनेछ ।
५) युवा तथा खेलकुद उप समिति मार्फत अन्तर सहकारी स्तरिय हेटौंडा साकोस कप फुटबल प्रतियोगिता सञ्चालन गरिने छ ।
६) बिद्यालयहरुमा हेटौंडा बचत बाल क्लव गठन गरिने छ ।
७) यस वर्ष देखि क्यास लेस कार्यक्रमलाई प्राथमिक्ता दिईने छ ।
८) यस वर्ष देखि सदस्यहरुको वर्गिकरण गरिने नीति लिईनेछ ।
९) संस्था एकिकरणको नीति लिईने छ ।
१०) संस्थाको लागि आवश्यक सम्पत्ती खरिद गर्ने नीति लिईने छ ।
११) संस्थाको दैनिक कारोवार सहजताको लागि सवारी साधन खरिद गर्ने नीति लिईने छ ।
१२) स्वास्थ्य उप समिति मार्फत जेष्ठ सदस्यहरुको लागी १ दिने स्वास्थ्य शिविर आयोजना गरिने छ ।
१३) साधारणसभामा अनुपस्तीत सदस्यहरुलाई संस्थाबाट प्राप्त हुने सेवासुविधाबाट वन्चित गरिनेछ ।

कर्जाको किस्ता नियमीत रूपमा भुक्तानी गरेमा १ प्रतिशत व्याजदर छुट हुने छ ।

आकस्मिक कर्जा २४ सै घण्टा उपलब्ध गराईनेछ ।
साथै ६० दिन भित्र कर्जा चुक्ता भएमा व्याज तथा अन्य शुल्क लाग्ने छैन ।

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा ७ मकवानपुर

आ.ब.२०८३/२०८४ को कार्यक्रम कार्य योजना

क्र.स.	कार्यक्रम/कार्ययोजना	ईकाई/संख्या/कार्यक्रम मिति	श्रोत र असर
१	खुल्ला सदस्यता	३५० जना नयाँ शेयर सदस्य थप हुने	नयाँ शेयर सदस्य/संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने नेपाली नागरिक स्वएच्छीक रुपमा आउन र जान सक्ने ।
२	सहकारी शिक्षा र वित्तिय साक्षरता ।	यस बर्ष ३० वटा सदस्य शिक्षा कार्यक्रम गर्ने ।	सो कार्यक्रममा ३००० जना सदस्यहरु सदस्य शिक्षा कार्यक्रमबाट लाभान्वीत हुने ।
३	रेमिटेन्स कारोबार	आवश्यक्ता अनुसार रेमिटहरु कारोबार गर्ने ।	बैदेशिक रोजगारीमा रहेको सदस्य/संस्थाको क्षेत्र भित्र रहेका ब्यक्तिहरुलाई रेमिट कारोवार मा सुबिधा पुग्ने
४	उत्पादन मुलक तथा अन्य कर्जा	उत्पादन मुलक ८०,००,०००/सम्म, घर निमार्ण २५,००,०००/सम्म अन्य १५,००,०००/सम्म	शेयर सदस्य/सदस्यहरुलाई ब्यबसाय गर्न र खाचो टार्न मद्दत पुग्ने
५	एक घर एक सदस्य	कम्तिमा एक घर एक सदस्य बन्न कार्यक्षेत्र भित्र अभियान संचालन गर्ने प्रत्येक महिनाको अन्तिम शनिबार एक टोलमा अनतरक्रिया कार्यक्रम हुने ।	नयाँ शेयर सदस्य/कार्य क्षेत्र भित्र रहेका नेपाली नागरिकलाई संस्थामा आबद्ध हुने अबसर प्राप्त हुने
